नेपाल सरकार

# कृषि तथा पशुपन्छी विकास मन्त्रालय

सिंहदरबार, काठमाडौंको

## पदपूर्ति सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०७९/०३/२८)

यस मन्त्रालय सम्वद्ध राष्ट्रिय चिया तथा कफि विकास बोर्डमा रिक्त रहको उपाध्यक्ष पद खुल्ला प्रतिष्पर्धाद्वारा पदपूर्ति गरिने भएकोले देहायको योग्यता पुगेका इच्छुक नेपाली नागरिकबाट यो सूचना प्रथम पटक प्रकाशित मितिले २१ दिन भित्र र आवेदन दिने अन्तिम दिन सार्वजनिक बिदा परेमा त्यसको भोलिपल्ट कार्यालय समयभित्र यस मन्त्रालयको वोर्ड संस्थान डेक्स, सिंहदरवार, काठमाडौंमा गोप्य शिलबन्दी आवेदन दिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। निर्धारित मिति र समयभित्र प्राप्त हुन नआएको तथा रीत नपुगेको दरखास्त स्वीकृत हुने छैन।

| विज्ञापन नं. | सार्वजनिक निकायको नाम | पद | माग सख्या |
|---|---|---|---|
| ०१/०७८।७९ | राष्ट्रिय चिया तथा कफि विकास बोर्ड | उपाध्याक्ष | १ |

१. **योग्यता तथा अनुभव:**

क) कृषि तथा पशुपन्छी विकास मन्त्रालय सम्बद्ध सार्वजनिक नियकायका पदाधिकारीको नियुक्ति तथा मनोनयन सम्बन्धी निर्देशिका,२०७६ को दफा ३, उपदफा २ (क) वमोजिमको शैक्षिक योग्यता हासिल गरी कुनै संस्था वा निकायमा व्यवस्थापकको हैसियतले कम्तिमा १० वर्षको कार्य अनुभव हासिल गरेको।

ख) दरखास्त दिने अन्तिम मितिसम्म ३५ वर्ष उमेर पुरा भएको।

२. **नियुक्तिको लागि अयोग्य मानिने:** देहायको व्यक्ति उपध्याक्ष पदमा नियुक्तिका लागि अयोग्य मानिनेछः-

क) गैर नेपाली नागरिक,

ख) भ्रष्टाचार, सम्पत्ति शुद्धीकरण, मानव बेचबिखन, लागू औषधको कारोबार, पुरातात्त्विक वस्तु वा संरक्षित वन्यजन्तु सम्बन्धी कसूर वा नैतिक पतन देखिने अन्य फौजदारी कसूरमा सजाय पाएको,

ग) प्रचलित कानून बमोजिम कालो सूचीमा समावेश भई त्यस्तो सूचीबाट फुकुवा भएको तीन वर्ष अवधि पूरा नभएको,

घ) कुनै विदेशी मुलुकको स्थायी आवासीय अनुमति प्राप्त गरेको,

ङ) आफू नियुक्त हुने सार्वजनिक निकायमा हिताधिकारी वा लाभग्राही भएको,

च) पैतिस वर्ष पूरा नभएको,

छ) मानसिक सन्तुलन ठीक नभएको वा

ज) नियुक्त हुने सार्वजनिक निकायसँग कुनै ठेक्का पट्टा सम्झौता गरी काम गरिरहेको वा निजी स्वार्थ रहेको।

३. **दरखास्त पेश गर्ने प्रक्रिया:**

कृषि तथा पशुपन्छी विकास मन्त्रालय सम्वद्ध सार्वजनिक निकायका पदाधिकारीको नियुक्ति तथा मनोनयन सम्बन्धी निर्देशिका, २०७६ को अनुसूची-२ बमोजिमको दरखास्त/प्रतिवद्धता पत्रका साथ देहायका कागजातहरु पेश गर्नु पर्नेछ।

क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि

ख) शैक्षिक योग्यताको प्रमाणपत्रहरुको प्रतिलिपि (विदेशी विश्वविद्यालयबाट हासिल गरेको शैक्षिक योगयताको हकमा समकक्षता निर्धारण गरेको प्रमाणपत्रहरुको प्रतिलिपि समेत)

ग) वैयक्तिक विवरण

घ) एक प्रति पासपोर्ट साइजको फोटो

ङ) सरकारी निकाय वा संस्थानमा सेवारत आवेदकको हकमा दरखास्तसाथ सेवारत निकायबाट स्वीकृति प्रदान गरिएको पत्र दरखास्त सँगै संलग्न गर्नु पर्नेछ।

६. **अन्य विवरण:**

क) छनौट तथा सिफारिस समितिले कुनै कारण उल्लेख गरी माथि उल्लिखित पदपूर्ति सम्बन्धी प्रक्रिया स्थगित वा रद्द गर्न सक्नेछ।

ख) झुठ्ठा विवरण वा कागजात पेश गरेमा आवेदन रद्द हुनका साथै प्रचलित कानून बमोजिम कारवाही हुनेछ।

ग) आवेदन कृषि तथा पशुपन्छी विकास मन्त्रालयको वेभसाइट www.moald.gov.np बाट Download गर्न सकिने छ। अन्य थप जानकारीको लागि कृषितथा पशुपन्छी विकास मन्त्रालय, वोर्ड संस्थान डेकसमा सम्पर्क गर्न सकिनेछ।

सिफारिस समिति
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार

अनुसूची - २

(दफा १० को उपदफा (१) सँग सम्बन्धित)

नियुक्त वा मनोनयन हुन चाहने पदाधिकारीले पेश गर्नु पर्ने दरखास्त/प्रतिवद्धता पत्रको ढाँचा

कृषि तथा पशुपंक्षी विकास मन्त्रालय अन्तर्गत तथा सम्बद्ध देहायको सार्वजनिक निकायको देहायको पदमा नियुक्ति वा मनोनयन भई सेवा गर्ने ईच्छा भएकोले देहायका विवरण तथा कागजात संलग्न गरी यो प्रतिवद्धता पत्र पेश गरेको छु। सो पदमा नियुक्ति वा मनोनयनको लागि आवश्यक पर्ने योग्यता तथा अनुभव रहेको स्वघोषणा समेत गर्दछु र नियुक्ति वा मनोनयन भएको अवस्थामा प्रचलित कानून बमोजिम ईमान्दारीपूर्वक आफ्नो पदीय जिम्मेवारी पूरा गर्ने प्रतिवद्धता व्यक्त गर्दछु।

१. नियुक्त वा मनोनयन हुन चाहेको सार्वजनिक निकायको नामः ....................

२. नियुक्त वा मनोनयन हुन चाहेको पद........................................

३. प्रतिवद्धता पेश गर्ने व्यक्तिको,-

(क) व्यक्तिगत विवरण

नाम थरः

नागरिकता नं. र नागरिकता जारी जिल्लाः

स्थायी ठेगानाः

अस्थायी ठेगानाः

जन्म मितिः

सम्पर्क नं.:

ईमेलः

(ख) शैक्षिक योग्यताको विवरणः

| क्र.सं. | उपाधि | विश्वविद्यालय/शिक्षण संस्था | उत्तीर्ण गरेको साल | कैफियत |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |

(ग) अनुभवः

| क्र.सं. | पद | कार्यरत संस्था | कार्यरत अवधि | कैफियत |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |

९

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

अनुसूची- १

(दफा २ को खण्ड (झ) सँग सम्बन्धित)

<u>सार्वजनिक निकाय</u>

१. कृषि सामग्री कम्पनी लिमिटेड
२. राष्ट्रिय चिया तथा कफी विकास बोर्ड
३. कपास विकास समिति
४. नेपाल कृषि अनुसन्धान परिषद्
५. कालीमाटी फलफूल तथा तरकारी बजार विकास समिति
६. दुग्ध विकास संस्थान
७. राष्ट्रिय दुग्ध विकास बोर्ड
८. नेपाल पशु चिकित्सा परिषद्

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं